म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

समृद्धि प्रकाशन प्रा. लि.
हेटौंडा, मकवानपुर

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्ष:१५ अङ्क:- २१४ २०८१ असार १२ गते बुधबार 26 June 2024, Wednesday - पृष्ठ ४ मूल्य रू. ५/-

**तातोहावा 'लु' का असर तथा लक्षण**

- हृदयको गति तीव्र हुने,
- श्वासप्रश्वास र रक्तचाप कम हुने,
- शरीरबाट पसिना ननिस्कने
- टाउको अत्याधिक दुख्ने,
- चक्कर लाग्ने, अचेत हुने,
- १०४ डिग्री फरेनहाइट भन्दा बढी ज्वरो आउने,
- छाला सुख्खा, रातो र तातो हुने

यस्ता असरहरु देखिएमा तुरुन्त नजिकैको अस्पताल जाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## बागमती प्रदेशसभा

# बजेट माथिको छलफलमा आक्रामक प्रतिपक्ष

समाज संवाददाता

हेटौंडाः बागमती प्रदेश सरकारको बजेट माथिको छलफलका क्रममा प्रतिपक्ष दलहरु आलोचनासहित आक्रमक बनेका छन् । प्रतिपक्ष दलका सांसदहरुले सरकारको बजेट माथि खरो टिप्पणी गर्दै आक्रमक शैलीमा प्रस्तुत भएका थिए ।

सरकारको बजेट सन्तुलित नभएको र नागरिक लक्षित कार्यक्रम ल्याउन नसकेको भन्दै उनीहरुले आलोचना गरेका थिए । उनीहरुले राज्य व्यवस्थालाई नै कमजोर पार्नेगरी सरकारले बजेट कार्यक्रममा हालीमुहाली गरेको बताए । प्रदेशका मन्त्रीहरु निर्वाचन क्षेत्र केन्द्रित हुँदा नागरिकको अपेक्षा र प्रदेशका आवश्यकताका विषयहरु छुटेको उनीहरुको भनाइ छ । उनीहरुले प्रदेश सरकारको बजेट मन्त्रीमुखी भएको आरोप लगाए ।

### संसदबाट कम्युनिष्टलाई मार्क्सवाद पढाउँदै कांग्रेस

बैठकमा बजेट माथिको छलफलमा भाग लिँदै नेपाली कांग्रेसका सांसद रामकुमार पहाडीले मार्क्सवादको वकालत गर्ने कम्युनिष्ट पार्टीहरुले नै समाजमा वर्ग निर्माण गरिरहेको बताउनुभयो । मार्क्सवादले समाजमा वर्ग विहीनको सिद्धान्त लिए पनि कम्युनिष्टहरुले त्यसको सामान्य मूल्यसमेत राख्न नसकेको उहाँले टिप्पणी गर्नुभयो । उहाँले संविधान विपरित गएर सरकारले काम गरिरहेको आरोप लगाउनुभयो । सरकारको बजेट पिछडिएको क्षेत्र, भूगोलमा केन्द्रित गर्नुपर्ने संवैधानिक प्रावधान विपरित गएर काम गरेको उहाँको भनाइ छ ।

कांग्रेसकै सांसद कुन्दनराज काफ्लेले प्रदेश सरकारले बजेटलाई पार्टीगत बनाएको आरोप लगाउनुभयो । दिगो विकास र प्रदेशको समृद्धिका योजनामा बजेट केन्द्रित गर्न सरकार असक्षम भएको उहाँको भनाइ छ । प्रदेश सरकारको कारण संस्थागतको लयमा रहेको संघीयता सुधार गृहमा पुऱ्याउने काम भइरहेको उनले बताए । सरकारको गतिविधि र बजेट कार्यक्रम व्यवस्था बलियो बनाउनेतर्फ केन्द्रित गरिनुपर्ने सांसद काफ्लेले बताउनुभयो ।

बैठकमा नेपाली कांग्रेसका सांसद श्याम खड्काले नेपाल सरकार टाट पल्टने अवस्थामा रहेको टिप्पणी गर्नुभयो । नेपाल सरकारको कुल बजेट भन्दा वैदेशिक ऋण बढी रहेको उहाँले बताउनुभयो । सांसद खड्काले नेपाल सरकारको बजेट १८ खर्ब रहेको र वैदेशिक ऋण २४ खर्ब रहेको बताउनुभयो । यथास्थिति रहेको खण्डमा सरकार आर्थिकरुपमा टाट पल्टने निश्चित रहेको उहाँको भनाइ छ ।

'सरकारको बजेट अनुत्पादक क्षेत्रमा खर्च भइरहेको छ । देशमा ऋणको भार थपिँदै गएको छ । सरकारको आय छैन, व्ययमात्र बढिरहेको छ । उत्पादनमुखी कार्यक्रम ल्याउन सरकार असक्षम बनेको छ', सांसद खड्काले भन्नुभयो- 'बागमती प्रदेश सरकारको बजेट बालुवामा पानी खन्याएसरह रहेको छ । सरकारको बजेटमा स्पष्ट कार्यक्रम छैन । सरकारको बजेट उपलब्धीहिन क्षेत्रमा लगानी भइरहेको छ ।' उहाँले बागमती सरकारको खर्च गर्ने सामर्थ्य नरहेको बताउनुभयो । प्रदेश सरकारले हरेक वर्ष ६६ प्रतिशतमात्र बजेट खर्च गर्दै आएको उहाँको भनाइ छ ।

छलफलका क्रममा बोल्दै कांग्रेस संसदीय दलका उपनेता रामकृष्ण चित्रकारले सरकार प्रदेशसभाप्रति जिम्मेवार बन्न नसकेको आरोप लगाउनुभयो । प्रदेश सरकारले आगामी आर्थिक वर्षका लागि ७ अर्ब घाटाको बजेट ल्याएको उहाँले बताउनुभयो । प्रदेशका मन्त्रीहरुका कारण नागरिकले बजेटमाथि गरेको अपेक्षा व्यर्थ भएको र हाटबजारमा तरकारी किन्दा हुने बार्गेनिङजस्तो प्रदेश सरकारको बजेटमा आएको उहाँले बताउनुभयो । प्रदेशका नागरिकहरुले बजेटमार्फत् दिगो आर्थिक विकास खोजेको उहाँले बताउनुभयो । नागरिकको अपेक्षा विपरित सरकारले बजेट ल्याएर प्रदेशको समृद्धि गुमाएको उहाँको भनाइ छ ।

उहाँका अनुसार बजेटमा प्रतिपक्षले उठाएको सबल अर्थतन्त्रका लागि रोजगारी सृजना गर्न, उत्पादन र उत्पादकत्व वृद्धि, राजस्व वृद्धिको मोडल रहेको भएपनि सरकार त्यस विषयमा जिम्मेवार बन्न सकेको छैन । सरकारले आर्थिक समृद्धि, रोजगारी सृजना, उत्पादन वृद्धिका विषय बजेटमा समेट्न नसकेको उहाँको भनाइ छ ।

### सांसद र मन्त्रीहरू ठेकेदार बनेः राप्रपा

बागमती प्रदेशसभा सदस्य एव् राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) बागमती प्रदेश संसदीय दलका उपनेता गिरबहादुर तामाङले सांसद र मन्त्रीहरु ठेकेदार बनिरहेको बताउनुभयो । उहाँले संसदीय भूमिका छोडेर बजेटको हिसाबकिताब र भागबण्डामा केन्द्रित भएको आरोप लगाउनुभयो । सरकार र मन्त्रीहरुले नागरिकलाई डिप्रेसनमा पुग्नेगरी टर्चर दिइरहेको उहाँले बताउनुभयो । उहाँले सांसदहरुलाई सर्कसको जोक्करसँग तुलना गर्नुभयो । संसदीय भूमिकामा रहने सांसदहरु बजेट कार्यक्रममा मात्र केन्द्रित भएको उहाँको भनाइ छ । सांसदहरुले बजेटमा मात्र ध्यान दिएर नहुने भन्दै उहाँले नीति, कानुन निर्माणमा सांसदले ध्यान दिन आग्रह गरे ।

राप्रपा बागमती प्रदेश संसदीय दलका नेता उद्धव थापाले बागमती प्रदेश सरकारले आगामी आर्थिक वर्षका लागि ल्याएको बजेट पक्षपाती ढङ्गबाट आएको बताउनुभयो । उहाँले बजेटले नागरिकहरुको अपेक्षालाई समेट्न नसकेको र मन्त्रीको मनोमानी ढंगबाट कार्यक्रमहरु समावेश गरिएको बताउनुभयो ।

उहाँका अनुसार समानुपातिक र समावेशीका आधारमा बजेट नल्याएर प्रदेश सरकारले अहिलेको बजेट धादिङ, चितवन, मकवानपुर र सिन्धुपाल्चोकमा मात्र बढी केन्द्रित भएको छ । उहाँले स्वदेशमा रोजगारी सिर्जना गर्ने खालको बजेट नआएको बताउनुभयो ।

बैठकमा बोल्दै राप्रपा संसदीय दलकी प्रमुख सचेतक कुमारी तामाङले बजेट असन्तुलितसँगै अनियमितासमेत भएको बताउनुभयो । सो विषयको छानविन गरी अनियमितता गर्नेहरुलाई कारवाहीको दायरामा ल्याउन उहाँले माग गर्नुभयो । उहाँका अनुसार सरकार अवण्डामा पैसा राखेर कार्यकर्तालाई अनुदान बाँड्न सक्रिय भएको आरोप लगाउनुभयो ।

नेपाल मजदुर किसान पार्टी (नेमकिपा) संसदीय दलका नेता सुरेन्द्रराज गोसाईले प्रदेश सरकारको बजेटले जनताको आकांक्षा पूरा गर्न नसक्ने बताउनुभयो । सरकारको बजेट समाजवादउन्मुख र प्रगतिशील नभएको उहाँको भनाइ छ । बजेटको आधारमा सरकार अपारदर्शी, पक्षपाती भएको उहाँले बताउनुभयो । नेमकिपा सांसद गीता काफ्लेले सरकारको बजेटमा बिचौलिया पसेको बताउनुभयो । उहाँले नागरिक लक्षित प्रदेशको समृद्धिको योजना भन्दा बिचौलिया पाल्ने बजेट ल्याएको उहाँले बताउनुभयो ।

### रक्षात्मक सत्तापक्षका सांसद

माओवादी केन्द्रका सांसद ठाकुर प्रसाद ढकालले प्रदेश सरकारको बजेटले कृषि, शिक्षा र स्वास्थ्य क्षेत्रमा परिवर्तनको आशा छरेको बताउनुभयो । शिक्षाको गुणस्तर, स्वास्थ्य सेवा प्रवाहको स्तरीयता र उत्पादन वृद्धिमा सरकारले नयाँ ढंगको कार्यक्रम ल्याएको र सोबाट प्रदेशको समृद्धिमा फड्को मार्न सकिने उहाँको भनाइ छ । उहाँले पर्यटन प्रवर्द्धनमा सरकारले ल्याएको बजेटले नयाँ ढंगको विकासको लय समातेको बताउनुभयो ।

सांसद युवराज चौलागाईले नीति तथा कार्यक्रमलाई बजेटले सम्बोधन गर्न नसक्नु सरकारको कमजोरी रहेको बताउनुभयो । उहाँले सरकारको बजेट आम नागरिकको हितमा रहनुपर्ने बताउनुभयो । बजेटले भौगोलिक सन्तुलन कायम गर्न नसकेको र विगतका सरकारकै लयमा अहिलेका मन्त्रीहरुले बजेट कार्यक्रम केन्द्रित गरेको उहाँको भनाइ छ । आर्थिक अवस्थाको कारण सरकारको बजेटमा चुनौती रहेको उहाँको भनाइ छ ।

'वर्ग विहीनताको सिद्धान्त बोकेर वर्ग निर्माण गरिएको छ । यो हिपोकेसीबाट अलग हुनुपर्छ', उहाँले भन्नुभयो, 'आर्थिक वृद्धि कमजोर छ । राजस्वको अवस्था न्यून रहेको छ । पुँजीगत खर्चको अवस्था कम रहेको छ । अन्यको तुलनामा प्रदेश सरकारले केही नयाँ कार्यक्रमलाई प्राथमिकतामा राखेको छ । टुक्रे बजेटलाई निरुत्साहित गर्ने प्रयत्न रहेको छ ।'

नेकपा माओवादी केन्द्रको संसदीय दलका मुख्य सचेतक रत्नप्रसाद ढकालले प्रदेश सरकारले विकासको स्पष्ट नीति निर्माण गर्नुपर्ने बताउनुभयो । उहाँले प्रदेश आयोजना बैंक निर्माण गरी योजना छनौटको प्रणाली विकास गर्ने काम नीतिगतरुपमा गर्नुपर्ने बताउनुभयो । प्रदेशको आवश्यकता र भौगोलिक अवस्थाको विषयमा प्रदेशसभामा छलफल हुन जरुरी रहेको उहाँको भनाइ छ ।

बजेटबाट केही विषयहरु प्रदेश सरकारले सुधार गर्ने प्रत्यन गरेको उहाँले बताउनुभयो । प्रदेश सरकारको स्रोत र साधनको अधिनमा रहेर बजेट बनाएको उहाँको भनाइ छ । उहाँका अनुसार नागरिकको अपेक्षा संघमा भन्दा प्रदेश सरकारसँग बढी रहेको छ ।

# जंगली च्याउ खाँदा एक सातामा ३ जनाको मृत्यु

समाज संवाददाता

हेटौंडाः मकवानपुरमा जंगली च्याउ खाँदा गर्दा एक सातामा ३ जनाको मृत्यु भएको छ भने १६ जना बिरामी परेका छन् । जिल्ला प्रहरी कार्यालय मकवानपुरका अनुसार यही असार ३ गतेदेखि १० गतेसम्मको अवधीमा जंगली च्याउ खाँदा ३ जनाको मृत्यु भएको हो ।

जंगली च्याउ खाएर ४ जना गम्भीर बिरामी भई उपचाररत छन् भने ४ जना सामान्य बिरामी र ८ जना उपचार पश्चात डिस्चार्ज भएका छन् । जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरी उपरीक्षक सीताराम रिजालका अनुसार जंगली च्याउ सेवन गर्दा गत असार ८ मा कैलाश गाउँपालिका-८ का ४ बर्षीय दिपेश लामा, असार ९ गते कैलाश-९ की निरुमाया रुम्बा र राक्सिराङ-७ दुगुवाङका बल बहादुर प्रजाको मृत्यु भएको हो ।

असार ३ गते राती ७ बजे कैलाश-९ नामटार बस्ने बिनोद लामा लगायत परिवारका सदस्यले जंगली च्याउ खाँदा निजको छोरा दिपेश लामा बिरामी परेका थिए । च्याउ खाएर बिरामी भएका दिपेशको उपचारका लागि असार ४ गते हेटौंडा अस्पताल ल्याएर सामान्य उपचार पश्चात थप उपचारका लागि चितवनस्थित चितवन मेडिकल कलेज भरतपुर लगिएको थियो । दिपेशको उपचारको क्रममा असार ८ गते साँझ ६ बजे मृत्यु भएको प्रहरी उपरीक्षक रिजालले जानकारी दिनुभयो । दिपेशको अस्पतालबाट घरतर्फ ल्याउने क्रममा मृत्यु भएको हो ।

यस्तै असार ३ गते राती ७ बजे कैलाश-९, नामटारकी २५ बर्षीया निरुमाया रुम्बा जंगली च्याउ खाँदा बिरामी भएकी थिइन् । बिरामी अवस्थामा असार ४ गते हेटौंडा अस्पताल ल्याइएको थियो । हेटौंडा अस्पतालमा सामान्य उपचार पश्चात उनलाई थप उपचारका लागि राती ११:५० बजे चितवनस्थित चितवन मेडिकल कलेज पुऱ्याइएको थियो । उनको उपचारको क्रममा असार १० गते राती मृत्यु भएको हो । आर्थिक अभावका कार चितवन मेडिकल कलेजमा उपचार गर्न असार ९ गते दिउँसो ३ बजेको रुम्बाको आफन्तले हेटौंडा अस्पताल फिर्ता ल्याएका थिए ।

असर ९ गते बिहान ६ बजे राक्सिराङ-७, दुगुवाङका बल बहादुर प्रजाले जङगलबाट ल्याएको जङगली च्याउ पकाएर खादा एकै परिवारका ५ जना मानिसहरु बिरामी भएका थिए । च्याउ खाएर बिरामी भएका उनीहरुको उपचारका लागि भरतपुर सरकारी अस्पतालमा पुर्याइएको थियो । उपचारको क्रममा ५५ बर्षीय बल बहादुर प्रजाको साँझ ६:३५ बजेको समयमा मृत्यु भएको थियो ।

## च्याउ खाँदा १६ जना बिरामी

राक्सिराङ-७ को घटनामा एकै परिवारका ४ जना गम्भीर बिरामी छन् । प्रहरी अनुसार जंगली च्याउ खाएर मृत्यु भएका बल बहादुर प्रजाकी श्रीमति ४५ बर्षीया जालिमाया प्रजा, छोरी १५ बर्षीया रेन्जु प्रजा र ८ बर्षीया सविना प्रजा र छोरा १० बर्षीय सुशल प्रजा बिरामी परेको प्रहरीले जनाएको छ । च्याउ खाएर बिरामी भएका उनीहरुको अवस्था गम्भीर रहेको राक्सिराङ गाउँपालिकाका स्वास्थ्यकर्मी विजय कापरीले जानकारी दिनुभएको छ । उनीहरुको भरतपुर सरकारी अस्पतालमा उपचार भइरहेको छ ।

त्यस्तै असार ७ गते राती ९:३० बजे मकवानपुरगढी गाउँपालिका-६, सानुसल्ले र मकवानपुरगढी-५ कालीवनमा जंगली च्याउ (गोब्रे च्याउ) खाँदा ८ जना बिरामी भएका थिए । च्याउ खाँदा मकवानपुरगढी-६, सानुसल्लेका ३२ बर्षीय सानु कान्छा पाखिन, २८ बर्षीया सुविता पाखिन, ५ बर्षीय सुशान्त पाखिन, ११ बर्षीय सोनिया पाखिन, ४६ बर्षीय श्याम पाखिन, ४३ बर्षीय एलिजा पाखिन बिरामी परेका छन् । च्याउ खाँदा मकवानपुरगढी-५, कालीवनका ६ बर्षीय समिर थिङ, १२ बर्षीया सानुकान्छी भुलुन बिरामी परेका थिए । उनीहरुको हेटौंडा अस्पतालमा उपचार पश्चात डिस्चार्ज गरिएको छ ।

असार १० गते बिहान ११ बजेको समयमा राक्सिराङ-८, लाचेको जंगलबाट ल्याइएको च्याउ खाँदा एकै परिवारका ४ जना बिरामी परेका थिए । च्याउ खाँदा राक्सिराङ-८ का २१ बर्षीय भुवल प्रजा, भुवलकी श्रीमती २१ बर्षीया रतिमाया प्रजा, छोरा ३ बर्षीय समिक प्रजा र भाइ १८ बर्षीय पूर्ण प्रजा बिरामी परेका छन् । उनीहरुको भरतपुर अस्पतालमा उपचार भइरहेको र अवस्था सामान्य रहेको प्रहरीले जनाएको छ ।

# खानेपानीलाई उच्च प्राथमिकता दिएको छः मुख्यमन्त्री जम्कट्टेल




समाज संवाददाता

हेटौंडाः बागमती प्रदेशका मुख्यमन्त्री शालिकराम जम्कट्टेलले प्रदेश सरकारले खानेपानीको क्षेत्रलाई उच्च प्राथमिकतामा राखेको बताउनुभएको छ । मंगलबार खानेपानी तथा सरसफाई उपभोक्ता महासंघ नेपालले हेटौंडामा आयोजना गरेको गोष्ठीमा बोल्नुहुँदै उहाँले गत आर्थिक बर्षमा खानेपानी आयोजनाका लागि पैसा छुट्याएर स्रोत सुनिश्चित गर्ने क्रममा बजेटमा केही त्रुटि भएको स्वीकार्नुहुँदै यसपटक भने गम्भीरतापूर्वक छलफल गरेको बताउनुभयो ।

त्यसका लागि बजेट व्यवस्था गरेर आयोजनाहरु सम्पन्न गर्ने सरकारको पहिलो लक्ष्य रहेको उहाँले बताउनुभयो । आफु प्रदेशको आर्थिक मामिला तथा योजनामन्त्री रहेको बेला प्रदेशभित्रका वहुबर्षीय खानेपानीका आयोजनाहरुलाई स्रोत सुनिश्चित गरेको र त्योभन्दा अगाडि प्रदेशमा खानेपानीका ठूला आयोजनाहरुको काम नभएको उहाँले दावी गर्नुभयो ।

प्रदेश सरकारले आगामी आर्थिक बर्षको बजेट बनाउँदै गर्दा मन्त्रालयको मन्त्री र सचिवलाई आफुले पटक-पटक खानेपानीलाई पहिलो प्राथमिकता दिन आग्रह गरेको उहाँले बताउनुभयो । खानेपानीपछि दोस्रोमा सिचाई र त्यसपछि अन्य क्षेत्रलाई प्राथमिकता दिएर काम गर्नुपर्ने उहाँले बताउनुभयो ।

उहाँले खानेपानी कुरा आएपछि अन्तको बजेट काटेर भएपनि सबैभन्दा प्राथमिकतामा राखेर खानेपानीको काम तुरुन्त गर्नुपर्ने बताउनुभयो । 'यो सरकार को महत्वपूर्ण जिम्मेवारी हो । यसमा बजेट छैन यताउता भन्नुहुन्न, बजेट छैन भने पनि अर्थबाट माग्नुपर्छ र अरु क्षेत्रको बजेट रकमान्तर गरेर भएपनि खानेपानीका लागि दिनुपर्छ', मुख्यमन्त्री जम्कट्टेलले भन्नुभयो । अहिले विभिन्न स्थानमा खानेपानी उपभोक्ताहरुबीच केही विवादहरु सुनिएको भन्नुहुँदै उहाँले यसलाई चाँडो हल गर्न आग्रह गर्नुभयो । यसका लागि नीति बनाउन प्रदेश सरकारलाई सहयोग गर्न पनि उहाँले आग्रह गर्नुभयो ।

महासंघका अध्यक्ष राजेन्द्र श्रेष्ठको सभाध्यक्षतामा भएको कार्यक्रममा बागमती प्रदेश सरकारका खानेपानी, उर्जा तथा सिचाईमन्त्री एकालाल श्रेष्ठ र जिल्ला समन्वय समिति मकवानपुरका प्रमुख ललित घलान लगायतको उपस्थिति रहेको थियो ।

# सिद्धार्थ शिशु सदनमा नेतृत्व चयन



✍ **रुसिका लामिछाने**

हेटौँडा-५, सानोपोखरास्थित सिद्धार्थ शिशु सदन माविका प्रिन्सिपल निर्मल पराजुलीको नेतृत्वमा विद्यालयमा २०८१ साल असार ७ गते शुक्रबारका दिन निर्वाचन कार्यक्रम सम्पन्न भयो ।

यस बर्ष निर्वाचनलाई प्रभावकारी बनाउनका निम्ति विद्यालय परिसरमा निर्वाचन आयोगको कार्यालयबाट मतपेटिका, मतदानस्थल निर्माणका लागि आवश्यक सामग्रीहरू ल्याएर प्रयोग गरिएको थियो । विद्यार्थीलाई चुनावको महत्वबारे बोध गराउन विद्यालय परिवारले निर्वाचन प्रयोजनमा विद्यार्थीको सक्रिय संलग्नता जनाएका थिए । निर्वाचन सम्पन्न गरियो र विद्यार्थी प्रतिनिधि पनि छानियो ।

**(प्रतिवेदन)**

**निर्वाचनका उद्देश्यहरू**

विद्यालयको क्याप्टेन, भाइस क्याप्टेन, हाउस क्याप्टेन, हाउस भाइस क्याप्टेन चयनका लागि आयोजना गरिएको निर्वाचन कार्यक्रमको उद्देश्यहरू निम्न छन् ।

१) विद्यार्थीलाई निर्वाचनको प्रक्रियाबारे अभ्यास गराउन र आ-आफ्नो पदमा रही भूमिका निर्वाह गर्ने,

२) विद्यालयप्रतिको जिम्मेवारीतर्फ सजग र विद्यार्थीलाई सचेत बनाउन,

३) विद्यार्थीमा आत्मविश्वास र नेतृत्व गर्ने क्षमताको अभिवृद्धि गरी समग्र विकास गर्न,

**विधि:**

सिद्धार्थ शिशु सदन माविले निर्वाचना-२०८१ लाई फलदायी र लाभदायी तुल्याउनका निम्ति अपनाएको विधि यसप्रकार छन्,

सर्वप्रथम त, विद्यालयका केही प्रशिक्षकहरू निर्वाचन आयोगको कार्यालयमा पुगेर निर्वाचन प्रयोजनका लागि मतपेटिका, मतदानस्थल निर्माणका निम्ति आवश्यक सामग्रीहरू जस्तै मार्कर, डोरी, महिला र पुरुषको छुट्टा छुट्टै बुथहरू बनाइयो । प्राथमिक विधिमा व्यवस्थापन गरियो । शिक्षक र विद्यार्थीहरुलाई परिचालन गरियो अनि यसरी निर्वाचन सम्पन्न गरियो । त्यसैगरी, द्वितीय विधिमा स्थलगत अध्ययन र त्यो सँगसँगै पाठ्यपुस्तकको पनि अध्ययन गरियो । अनि निर्वाचन प्रक्रियासम्बन्धी सम्पूर्ण क्रियाकलापहरू गरियो ।

**पत्ता लगाइएका कुरा:**

निर्वाचन प्रक्रिया सम्पन्न गर्नका लागि निर्वाचन मण्डल गठन गरियो । त्यस निर्वाचन मण्डलमा बाल क्लबलाई समावेश गरी, निर्वाचन प्रक्रिया अघि बढाइएको थियो । कक्षा-५ को विद्यार्थी प्रतिभा शर्मा, पहिलो भोटरलाई रेजा लगाएर प्रिन्सिपल ज्युको हातबाट निर्वाचन सुरु भयो । त्यसैगरी, मतपत्र वितरण गरियो र मतदान गरियो । त्यसपश्चात मतगणना गरियो अनि निर्वाचनको परिणाम घोषणा गरियो ।

*कक्षा-१०, सिद्धार्थ शिशु सदन मावि, हेटौंडा-५*

# राजाको राजदरवार

**कथा**



✍ **चिराग डङ्गोल**

केही हजार वर्ष अघि सम्राटनगर नाउँको सानो राज्य थियो । उक्त राज्यलाई राजा सारखदेव एवम् रानी रमणीता देवीले सम्हालेका थिए । यो राज्यको सबै प्रजा खुसी साथ जीवन काट्थे । राजा र प्रजा बिच समनुभूतिको भावना पनि थियो ।

एकदिन राज्यको प्रजा बिचको खुसी माहोलमा त्रासको अँध्यारो बादल छायो । एक अज्ञात सेना दिनहुँ राज्यमा आइ प्रजालाई धम्की दिन थाले । ती सेना आफूलाई विशाल राज्यको बताउँथे जसबाट सब भयभित भए । राजालाई आफ्नो प्रजाको निकै चिन्ता लाग्न चाल्यो । यी सबै चालचलन एक युवकले हेरी रहन्थ्यो । त्यसैले ऊ आफ्नो साथीहरुसँग आफ्नो राज्यलाई बचाउन निम्ति एक अद्भूत योजना तयार पार्छ । त्यो युवकको नाम राम थियो ।

राम र उनका साथीहरु रात्री वा दिनको चौथो प्रहरमा आफ्नो राज्य छाडी अर्को विशाल राज्यमा जान्छन् । उनले योजना अन्तर्गत शक्तिशाली संगठन को सहयोग लिए व्यता आक्रमण गरे । उक्त लडाई ५ दिन चल्यो र अन्ततः रामको सेना सफल भई राज्य हासिल गरी घर फर्को राज्यमा फर्के पछि उक्त समूहले शुजासँग समीपमा वार्तालाप गर्ने मौका पाटनका राजा उनको साहस देखेर छक्क परे र सबै समू हलाई राजदरबारमा काम दिए ।

यी सबै हुँदा राजाले रामालाई उनको उत्तराधिकारी बनाउने निर्णय गरे । राज्य फेरि पहिले झैं खुसीयाली पूर्ण भयो । सबैको मुहारमा खुसी छायो र हेर्दा हेर्दै थुप्रै अन्य राज्यलाई एकीकृत गर्दै सम्राटनगर राज्य हुँदा हुँदै सम्राटनगर साम्राज्य हुन पुग्यो ।

*कक्षा १०, नवोदय शिशु सदन*

# The International Day Against Drug Abuse and Illicit Trafficking



✍ **Yunisha Dawadi**

This day emphasizes the importance of prevention, treatment, and rehabilitation programs to curb drug abuse. It also highlights the significant role of international cooperation in combating drug trafficking, estimated to generate billions of dollars annually for criminal organizations.

Governments and organizations use this occasion to promote policies that prioritize




The International Day Against Drug Abuse and Illicit Trafficking, observed annually on June 26th, is a global initiative aimed at raising awareness about the devastating effects of drug addiction. According to the United Nations Office on Drugs and Crime (UNODC), around 35 million people worldwide suffer from drug use disorders, with detrimental consequences for health, social relationships, and economic stability.


public health, support affected individuals, and educate communities about the risks of drug addiction. By fostering awareness and encouraging action, the International Day Against Drug Abuse and Illicit Trafficking strives to create a world where individuals are empowered to make healthy choices and where communities are resilient against the scourge of drugs.

*Class-10,*
*Orchid Secondary School.*

# पिन्टो, राजकुमारी र भुँडे यति



✍ **सुलज्ञा शाह**




**(पुस्तक समीक्षा)**

मैले पढेको पुस्तकको नाम पिन्टु राजकुमारी र भुँडे यति हो । यो पुस्तकका लेखक डा. उज्जवल विक्रम खड्का हुन् । यो बाल साहित्यमा आधारित पुस्तक हो । यो पुस्तकको प्रकाशन काठमाडौँ पब्लिकेसनले गरेको छ । यसको प्रकाशन मिति २०७२ साल हो भने यो २०७४ मा पहिलो संस्करण ७६ मा दोस्रो संस्करण र ७९ मा तेस्रो संस्करणको रुपमा प्रकाशनमा आएको पुस्तक हो । यो पुस्तकको पाना संख्या ५२ वटा रहेका छन् । यसको आईएसबीएन नम्बर ९७८ ९९३७ ६७२ ४१ २ हो । यसको बजारको मूल्य १५० रुपैयाँ रहेको छ ।

यस पुस्तकमा राजकुमारीले देखेको सपनाको बारेमा लेखिएको छ । यस पुस्तकभित्र सातवटा विभिन्न विषयहरू रहेका छन् । यस पुस्तकमा राजकुमारी, बालक, चरा, भुँडे यति आदि पात्रहरूको रुपमा प्रयोग भएका छन् । पुस्तकको आकार सानो खालको रहेको छ । यस पुस्तकलाई एक घण्टामा बसेर पढेर सिध्याउन सकिन्छ । यसको भाषा पढ्न र बुझ्न सजिलो छ । यस पुस्तकले अरुलाई अनावश्यक दु:ख दिनुहुन्न, साना बालबालिकाहरू ज्ञानी हुनुपर्छ, आमा बुबाले भन्नुभएको कुरालाई मान्नुपर्छ भन्ने कुरा सिकाउन खोजिएको छ ।

मलाई यो पुस्तक पढ्दा पिन्टो पात्र देखेर असाध्यै रमाइलो लाग्यो । म यो पुस्तक म जस्तै साना मेरा साथीहरुलाई पढ्ने सल्लाह दिन्छु । यस पुस्तकमा कतै-कतै शब्दहरु अशुद्ध लेखिएका छन् । अर्कोपटक पुस्तक बजारमा आउने बेलामा ती शब्दहरू सच्याएर लेख्नुहुन पनि म अनुरोध गर्दछु ।


*कक्षा-४, बालजागृति इंग्लिस सेकेण्डरी स्कूल, हेटौंडा-२*

# चित्रकला






सुयोग श्रेष्ठ
कक्षा:-५, ब्रम्हदिक् एकेडेमी, हेटौंडा-४







सुदिष्मा अधिकारी
कक्षा-५, जीएस निकेतन, हेटौँडा-५





रञ्जु गोले
कक्षा-९, बाल जागृति युवा वर्ष माध्यमिक विद्यालय, हेटौँडा-६



दिपासना थापा
कक्षा:- १०, जिएस निकेतन, हेटौँडा-५

# आँपको सिजन, गर्मीको मौसम



**रीता कार्की**

हरियो बोटमा लटरम्म झुप्पा
नजिक जाँदा आउँछ मगमग बासना
नखाई मान्दैन मनले खान बसियो
एउटाले पुग्दैन अर्को खान्छु भन्छ मन ।

नाम नै सुन्दा मुखबाट आउँछ पानी
अहिले त छ मौसम नै गर्मी
नखाउँ भन्छु खाउँ खाउँ लाग्छ
खायो शरीरमा गर्मी नै गर्मी लाग्छ ।

आँप धेरै खाँदा लाग्ला पखाला
पखाला लाग्छ भनी आँप नखाइ बसौला
वर्षमा एक सिजन पाइने हो खान
ठिक्क खाएर भोलिलाई पनि बचाउन ।

जता गयो त्यतै आँपका कुरा
नखाउँ मनले मान्दैन कसैले भनेर
अब हामी सबै मिल्नेछौं
आँप कम खाएर गर्मी कम पार्नेछौं ।

*कक्षा-८, श्रमिक मावि, हेटौंडा-४, कर्रा*

# साथी



**वन्दना बुढा मगर**

मलाई सबैजना रमाएको हेर्न मन छ
मेरा साथीले हात समाएको हेर्न मन छ

मेरा साथीले उन्नतिको बाटो हिँडुन्
मेरा साथीले इमान्दारीका साथ पैसा कमाएको हेर्न मन छ

मैले तिम्रो बारेमा कहिले पनि गलत सोचिन है
मेरो साथी मसँग मिलेर चाडपर्व मनाएको हेर्न मन छ

तिमी सफलताको शिखर छुनु अघि बढ्नु ल
तिमीले वृद्ध मान्छेका लागि वृद्धाश्रम बनाएको हेर्न मन छ

तिमी मेरो जीवनको यादगार साथी बन्नु ल
तिमीले सुनै सुन लगाएको हेर्न मन छ ।।।

*कक्षा-६, अमर मावि, हेटौंडा-१*

# वातावरण



**वरदान खतिवडा**

जङ्गल घट्यो, पानीको मुहान सुक्यो
चारैतिर छायो दुःखको बाटो
चारैतिर धुँवा र धुलोको प्रदूषण
छैन प्रकृति भनेको उचित दोहन ॥

प्रकृति हाम्रो रक्षक र बाँच्ने आधार
मिलीजुली बनाऔं सफा अनि सुन्दर सहर
नबालौं जथाभावी प्लास्टिक र टायर
रोगी बन्दछ शरीर धुलो र धुँवा खाएर ॥

सफा स्वच्छ वातावरण हाम्रो रहर
रोपौं रुख, जोगाऔं वातावरण सबै मिलेर ॥

*कक्षा-५, ब्रह्मदिक् एकेडेमी, हेटौंडा-४*

# हाम्रो जीवन



**करिस्मा रोकाय**

फुल हो यो जीवन यतिकैमा झर्न नदेऊ
अमर होस् नाम हाम्रो यतिकैमा मर्न नदेऊ
जीवन हाम्रो फुलबारी हो हाँसी-हाँसी सजाउनुछ
देशको असल नागरिक भई विकासको धुन बजाउनुछ ।

पढाई हाम्रो जिन्दगी हो अमृत सम्झी पिउनुपर्छ
गुरुबाट ज्ञान लिई सार्थक जीवन जिउनुपर्छ
हिडँन सिक्नु छ एक्लै अप्ठयारो बाटोमा
सङ्घर्ष गर्नु छ धेरै नै आफ्नो देशको माटोमा ।

गरिब हुँ बगाई पसिना बोकेर भारी जहाँ पुगिन्छ
आफ्नैबाट लुटिएर यहाँ भिखारीसम्म बनिन्छ
एकनास बगिरहने पानी ढुङ्गामा टेक्नु पर्ने हुन्छ
हिम्मत नहारी दुस्मनका अगाडि उभिनु पर्ने हुन्छ ।

*कक्षा-९, ज्ञानदा मावि, हेटौंडा-१०*

# मिहिनेतको फल



**मनिषा दाहाल**

एउटा राम नाम गरेको व्यक्ति र उसको श्रीमती एउटा गाउँमा बस्थे । उसको पारिवारिक आर्थिक अवस्था निकै कमजोर थियो । उनीहरु निकै गरिब थिए । आयआर्जन निकै कम हुने गर्दथ्यो । ऊ कामप्रति निकै इमानदार थियो । साथीहरुले उसको आम्दानी बढी नभएका कारण साहुलाई झुक्याएर पैसा धुत्न लगाउँथे । तर, उसले मान्दैनथ्यो ।


ऊ यसरी नै इमानदारिताका साथ काममा लागिरह्यो । एक दिन उसको साहु केही कामले सहर जानुपर्ने थियो । साहुले बेलुका नै निस्कनुपर्ने कुरा रामलाई बतायो । कामबाट घर फर्कने बेला फेरि एक जना व्यक्तिले उसलाई भन्यो- 'ए राम, तेरो साहु त कामले सहर जान लागेको रहेछ । मेरो कुरा मान । साहु नभएको बेला पसलमा रहेको पैसा झिकेर सहर गएर आफ्नो परिवार राम्रोसँग पाल ।'

उक्त व्यक्तिको कुरा सुनेर रामले भन्यो- 'आफूले १० वर्षदेखि काम गरिरहेको पसलमा मैले कसरी चोरी गर्न सक्छु, भन्नु त ?' त्यस व्यक्तिले पनि यसलाई धेरै सम्झाउन सकिँदैन हार मान्दै आफ्नो घरतिर लाग्यो । उसको साहुले पनि त्यहीँ बसेर उनीहरुको कुरा सुनिरहेको रहेछ । आफ्नो कामदारको इमानदारिता देखेर उसलाई गर्व महसुस भयो र साहुले उसलाई चाहेको जति तलब दिने बाचा गऱ्यो । आफूले साहुबाट यस्तो माया पाएकोमा रामलाई पनि गर्व महसुस भयो ।

(नवसर्जक साहित्य चौतारी नेपालले २०८१ असार ११ गते हेटौँडामा आयोजना गरेको लघुकथा प्रतियोगितामा दोस्रो हुन सफल लघुकथा)

*कक्षा-१०, बालज्योति मावि, हेटौंडा-५*

# सम्झना



**सरोज प्रसाद साह**

देखेका, ती सपना, खरानी बनाए !
खरानी, तापेर रात बिताए !!
यो चन्चल, यो रात, यो तन, यो मन,



जागेर सताए, मुर्ख बनाए, जागेर सताए !!!
सम्झना, सम्झना, सम्झना !!!!
धड्केको, यो मुटु लाई जीउँदै, जलाए !




बिहानी, लाई पनि, सन्ध्या बनाए !!
यो घायल, यो मुटु यो धुँवा, यो आगो,
मिलेर, जलाए, खरानी बनाए !!!

सम्झना, सम्झना, सम्झना !!!!
यदि, भेट्यो भने, सोध्छु, "हे इश्वोरपुर !
किन बनायौ ? बनायौ देह, मुटु सजायौ !!
फुटाउन लगायौ, जलाउन लगायौ !!!२
सम्झना, सम्झना, सम्झना !!!!

# राजकुमारीको सपना



**कोशिका सापकोटा**




**(पुस्तक समीक्षा)**

मैले पढेको पुस्तकको शीर्षक हो राजकुमारीको सपना । त्यस पुस्तकका लेखक सजनी नौबाजे हुनुहुन्छ । यो पुस्तक कथा विधाको पुस्तक हो । यस पुस्तकको प्रकाशक कथालय हो । यो पुस्तक २०७५ वैशाखमा छापिएको हो । र यो पहिलो संस्करण पनि हो । यस किताबमा जम्मा २८ वटा पानाहरू रहेका छन् । यस पुस्तकको आईएसबिएन नम्बर ९७८ ९९३७ ७०९ ०९ ५ रहेको छ । यसको मूल्य रु १३० रहेको छ ।

यस पुस्तकले दुईजना साथीको मित्रताबारे बताउन खोजेको छ । यो पुस्तक एउटै मात्र मूल शीर्षक भएको पुस्तक हो । यस पुस्तकमा दुई जना साथी लाटोकोसेरो र हात्ती रहेका छन् लाटो कोसेरो र हात्तीको मित्रता र उनीहरूको बुद्धिको बारेमा लेखिएको छ । यस पुस्तकको गातामा हात्ती र पछाडिपट्टि राक्षसहरू हतौडा लिएर बसिरहेको चित्र बनाइएको छ । यस पुस्तक आकारको हिसाबले लामो र मोटो छ ।

पुस्तकमा लेखिएका शब्दहरू पढ्न सजिला छन् र सबै शब्दको अर्थ बुझिने खालको छ यस पुस्तकले हामीले काम गर्दै जाँदा बुद्धिको प्रयोग गर्नुपर्छ भन्न खोजेको छ । दुई जनावर बीचको असली मित्रताको चर्चा यस पुस्तकमा रमाइलो तरिकाले बताइएको छ । यो पुस्तक पढ्दा हात्ती र लाटोकोसेरो पनि मित्रता हुन्छ र भन्ने कुरामा रमाइलो लाग्यो । राक्षसको कब्जामा परेको हात्तीले आफ्नो बुद्धि प्रयोग गरेर कब्जाबाट बाहिरिनका लागिका लागि बुद्धिको प्रयोग गरेको देखाइएको छ । हात्तीले गरेको बहाना र लाटोकोसेरोले छाती फुलाएर देखाएको घमण्ड यो कथामा मलाई सबैभन्दा महत्वपूर्ण लाग्यो ।

मलाई यो पुस्तक राम्रो लाग्यो किनकि यस पुस्तकले मित्रता हुनका लागि कुनै पनि अवस्थाले छेक्दैन, जस्तोसुकै अवस्थामा पनि एकअर्कामा गहिरो मित्रता बनाउन सकिन्छ, जस्तै कि ठूलो जनावर हात्ती र दिउँसोमा आँखा नदेख्ने लाटोकोसेरो बीचको मित्रता राम्रो उदाहरण हो । यस पुस्तकले कहिँ कतै राक्षसहरुले देखाएको डरलाग्दा घटनाहरुलाई पनि देखाएको छ । यसले भने मलाई अलिक डर पनि लाग्यो । मैले यो पुस्तक पढ्दै गर्दा यसमा सच्याउनुपर्ने केही देखिन । म यो पुस्तक मेरो कक्षामा साथी साथीबीच झगडा गर्ने ती झगडालु साथीहरुलाई पढ भनेर सुझाव दिन्छु ।

यो पुस्तक पढेर हामीले मेलमिलाप गर्नुपर्छ । एकअर्कालाई सहयोग गर्नुपर्छ । साथी जस्तोसुकै होस् उसलाई सम्मान गर्नुपर्छ । भन्ने कुरा सिके यो पुस्तक पढ्नै पर्ने पुस्तक रहेछ मलाई यस पुस्तकमा लेखिएका हरेक पानाले निकै रमाइलो बनायो ।


*कक्षा-५, बालजागृति इंग्लिस सेकेण्डरी स्कूल, हेटौंडा-२*

## बुधबारे बालसाहित्य विशेषबारे

यो स्तम्भमा हामी विद्यार्थीको परिचय, विद्यार्थीका रचना, घरमा अभिभावक र बालबालिका अध्ययन गर्दै गरेको तस्वीर, अन्तरवार्ता समावेश गर्नेछौं । आशा छ हामीले विद्यार्थीलाई अध्ययन र लेखनमा प्रेरित गर्न सकारात्मक योगदान गर्न सक्नेछौं ।

**सम्पादक ।**

# वातावरण



**जेनिस अधिकारी**

म नै हुँ हरियो रुख, म नै हुँ पानी
मैले नै बनाइदिएँ सबको जिन्दगानी

जिन्दगानी बनाए पनि पीडा दियो मानिसले
मलाई नै फोहोर पारी मेरो पानी पियौ मानिसले

मलाई नै ध्वस्त बनाई मेरो आगो बाले
मेरै ती सफा नदीनालामा फोहोरहरू फाले

मैले नै मेटाइदिएँ मानिसको भोक
फोहोर गरे पनि म नै हुँ मानिसको सबै थोक

*कक्षा-५, ब्रह्मदिक् एकेडेमी, हेटौंडा-४*

हेटौंडा रिफरेन्स ल्याबरोटरी
ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।



Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-बाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।

(HRL)

खुल्ने समयः विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५0 प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं ।

थप जानकारीको लागि HRL
हेटौंडा रिफरेन्स ल्याबरोटरी
हेटौंडा-१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७-५२०४५७

# उद्योगको उत्पादनको बजारीकरणमा काम गर्नुपर्छः मन्त्री श्रेष्ठ




समाज संवाददाता

हेटौँडाः बागमती प्रदेशका उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्री प्रकाश श्रेष्ठले उत्पादित वस्तुको निर्यात तथा बजार व्यवस्थापन गर्न नसक्दा उद्योग क्षेत्रले समस्या भोग्नु परेको बताउनुभएको छ। उहाँले आयात प्रतिस्थापनसहित नेपाली उद्योगको उत्पादनको बजारीकरणमा काम गर्नुपर्ने बताउनुभएको छ ।

हेटौँडामा मंगलबार आयोजित सकारात्मक श्रम सम्बन्ध विकास सम्बन्धी अन्तरक्रियामा मन्त्री श्रेष्ठले अधिकार क्षेत्र अनुसार उद्योग तथा व्यवसायको काम गर्नुपर्ने भएकाले लक्ष्य अनुरुप उपलब्धी प्राप्त गर्न कठिन भइरहेको बताउनुभयो । संघीय सरकारसँगको समन्वयमा उद्योग तथा व्यवसाय र श्रमिकहरुको विकास तथा प्रवर्द्धनमा काम गर्ने प्रदेश सरकारको तयारी रहेको उहाँको भनाई छ ।

‘संवैधानिक व्यवस्था अनुसार उद्योग तथा वाणिज्य क्षेत्र संघीय सरकार मातहत रहेको छ। प्रदेश सरकारले आफ्नो अधिकार क्षेत्रमा रहेर काम गर्नुपर्ने बाध्यता छ । जसले गर्दा समस्या पहिल्याए पनि काम गर्ने अनुकुल वातावरण बन्न सकेको छैन । लक्ष्य लिए अनुसार उपलब्धी हात पार्न कठिन भइरहेको छ’, मन्त्री श्रेष्ठले भन्नुभयो, ‘प्रदेश सरकारले संविधानले निर्धारण गरेको साझा अधिकार सूचिका व्यवस्थाहरुलाई संघीय सरकारसँग समन्वय गरेर उद्योगी, व्यवसायीहरुको समस्या र श्रमिकका अधिकारलाई नीतिगत रुपमा सम्बोधनको तयारी गरेको छ ।”

उहाँका अनुसार रोजगारदाता र श्रमिकहरु बीचको बढ्दो दुरी घटाउन सरकारले गम्भीरताका साथ काम गरिरहेको छ। ठोस कार्यक्रम र योजनाका साथ लगानीकर्ताको अप्ठेरा तथा श्रमिकका अधिकारका विषयमा सरकारले काम गर्ने तयारी गरेको उहाँले दावी गर्नुभएको छ। उद्योग भित्र रहेको त्रिपक्षीय खाडल पुर्न प्रदेश सरकारले ट्रेड युनियनहरुले उठान गरेका श्रमिकका मुद्दा र उद्योगीका जिम्मेवारीका विषयमा सकारात्मक रुपमा नीति सम्वाद गर्ने मन्त्री श्रेष्ठले बताउनुभयो । उद्योगी, व्यवसायीहरुको प्रवर्द्धनमा सरकारले नयाँ ढंगको कार्यक्रम ल्याउने गरी बजेट केन्द्रित गरेको उहाँको भनाई छ ।

कार्यक्रममा उद्योगी, व्यवसायी प्रतिनिधिहरुले सरकारको नीति र कार्यक्रम उद्योगमैत्री नभएको र त्यसमा सुधार गरेर उत्पादनमा केन्द्रित हुने कार्यक्रम ल्याउन माग गरेका छन् । उनीहरुले आर्थिक संकट तथा विभिन्न महामारीबाट प्रभावित भएका बखत राज्यले उद्योग तथा व्यवसायलीलाई सहुलियत प्रदान गर्नुपर्ने बताएका छन् । श्रमिकहरुले जिम्मेवार पूर्वक काम नगर्दा विभिन्न समस्या हुने भएकाले राज्यका संयन्त्रहरुले अनुसन्धान तथा छानविन गरी निर्णय लिनुपर्ने उनीहरुको भनाई छ । ट्रेड युनियनका कारण उद्योग क्षेत्र धरासायी बन्दै गइरहेको पछिल्लो परिवेशलाई मध्यनजर गर्दै उचित समाधानको बाटो सरकारको तवरबाट गर्नुपर्ने उनीहरुले बताएका छन् । स्थानीय तहले क्षेत्राधिकार मिचेर उद्योग व्यवसायमा गर्ने हस्तक्षेप बढ्दै गएकाले त्यसको उचित समाधान खोजिनु पर्ने उनीहरुको भनाई छ ।

कार्यक्रममा ट्रेड युनियनका प्रतिनिधिहरुले राज्यले तोके अनुसारको पारिश्रमिक र सुविधा उपलब्ध गराउन उद्योगहरुले आनाकानी गरिरहेको बताए । उनीहरुले उद्योग तथा व्यवसायमा श्रम शोषणको अवस्था कायमै रहेको र त्यसको निराकरणका लागि सम्बन्धित निकायले काम गर्न नसकेको बताए । राज्यले तोकेको श्रमको मुल्य, सामाजिक सुरक्षाको सुविधा थुप्रै उद्योग तथा व्यवसायमा लागु नभएको भन्दै सो विषयमा सरकारी संयन्त्रले चनाखो भई अनुगमन तथा नियमन गर्नुपर्ने उनीहरुको माग गरेका छन् ।

# श्रेष्ठ मृत फेला

समाज संवाददाता

हेटौँडाः हेटौँडा उपमहानगरपालिका वडा नम्बर २ स्थित पुरानो मकवानपुर रोडमा एक जना पुरुष मृत फेला परेका छन् । मृत फेला पर्नेमा सोही ठाउँका ५४ वर्षीय रामेश्वर श्रेष्ठ रहेको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ ।

घरमा एक्लै बस्दै आइरहेका श्रेष्ठ आफ्नै घरको शौचालयमा मृत अवस्था फेला परेका हुन् । मंगलबार दिउँसो १२ बजेर ३० मिनेटको समयमा श्रेष्ठ आफ्नै घरको शौचालयमा मृत अवस्था रहेको भन्ने खबर प्राप्त हुनासाथ वडा प्रहरी कार्यालय हेटौँडाबाट प्रहरी निरीक्षकको कमाण्डमा प्रहरी टोली खटिएको थियो ।

श्रेष्ठको शव मुचुल्कापश्चात् पोष्टमार्टमका लागि हेटौँडा अस्पताल लगिएको छ । घटनाबारे थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

# गाँजासहित पक्राउ परेकालाई थुनामा राख्न आदेश

समाज संवाददाता

हेटौँडाः गाँजासहित पक्राउ परेका ७ जनालाई पुर्पक्षका लागि थुनामा राख्न मकवानपुर जिल्ला अदालतले मंगलबार आदेश दिएको छ ।

गत बैशाख ४ गते पर्सा राष्ट्रिय निकुञ्जअन्तर्गत पर्ने मध्यवर्ती इलाकाबाट १ सय ३० किलो १ सय ५० ग्राम लागुऔषध गाँजासहित पक्राउ परेका मकवानपुरको कैलाश गाउँपालिका-४ का २८ बर्षीय बम बहादुर प्रजा, ३१ बर्षीय बीरमान प्रजा, २७ बर्षीय हरिकुमार प्रजा, २१ बर्षीय टिकाराम प्रजा, मनहरी गाउँपालिका-५ का ३६ बर्षीय दिपक सारु मगर, मनहरी-३ का ४४ बर्षीय रामहरी लुईटेल र २० बर्षीय सुरेश प्रजा भन्ने मंगल सिं चेपाङ पुर्पक्षका लागि भीमफेदी कारागार चलान भएका छन् ।

मंगल सिं चेपाङको हकमा २० हजार रुपैयाँ धरौटीमा छाड्न आदेश भए पनि धरौटी रकम बुझाउन नसक्दा पुर्पक्षमै चलान भएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ ।

# लघुकथामा आकांक्षा, चित्रकलामा सदीक्षा प्रथम

समाज संवाददाता

हेटौँडाः नवसर्जक साहित्य चौतारी नेपालले आयोजना गरेको स्थलगत लघुकथा लेखन प्रतियोगितामा हेटौँडा-५ स्थित जीएस निकेतन माविकी छात्रा आकांक्षा निरौला र चित्रकला प्रतियोगितामा हेटौँडा-४ स्थित ब्रह्मदिक एकेडेमीकी छात्रा सदीक्षा श्रेष्ठ प्रथम हुनुभएको छ। हेटौँडा उपमहानगरपालिका ४ नम्बर वडा कार्यालयको प्रवर्द्धनमा भएको कार्यक्रममा हेटौँडा उपमहानगरपालिका क्षेत्रका २२ वटा विद्यालयका ८४ जना विद्यार्थी सहभागी थिए ।

लघुकथा लेखन प्रतियोगितामा हेटौँडा-५ स्थित बालज्योति माविकी छात्रा मनिषा दाहाल द्वितीय, हेटौँडा-९ स्थित हेटौँडा मोर्डन आवासीय माविकी छात्रा कृष्णमा बर्मा तृतीय र हेटौँडा-१ स्थित अमर माविकी छात्रा विमला दाहाल सान्त्वना हुनुभएको छ । यस्तै चित्रकला प्रतियोगितामा हेटौँडा-४ स्थित ब्रह्मदिक् एकेडेमीका छात्र बसन्त साह द्वितीय, हेटौँडा-५ स्थित जीएस निकेतनकी छात्रा आरोही राई तृतीय र हेटौँडा-४ स्थित सत्यम जेभियर्स बोर्डिङ स्कूलका छात्र निक्रेन सिंह सान्त्वना हुनुभएको छ ।

माध्यमिक तहस्तरीय लघुकथा लेखनका लागि ४५ मिनेटको समय उपलब्ध गराइएको थियो भने आधारभूत तह चित्रकलाका लागि २ घण्टा ३० मिनेटको समय दिइएको थियो । प्रतियोगितामा प्रथम, द्वितीय, तृतीय र सान्त्वना हुने सहभागीलाई क्रमशः ३ हजार, २ हजार, १ हजार, ५ सय रुपैयाँ नगदसहित प्रमाणपत्र वितरण गरिएको छ । लघुकथा लेखन र चित्रकला प्रतियोगितामा ४२/४२ जना विद्यार्थी सहभागी थिए । चित्रकलाका लागि “भविष्यका लागि वातावरण” भन्ने मूल मर्ममा आधारित रहनुपर्ने भनिएको थियो भने लघुकथाका लागि छिमेकी, पछुतो, रिसको परिणाम, मिहिनेतको फल र सजाय भन्ने मूल मर्म प्रदान गरिएको थियो ।

नवसर्जक साहित्य चौतारी नेपालकी कोषाध्यक्ष प्रतिक्षा गुरुङको अध्यक्षता तथा वडा अध्यक्ष नवीन सिग्देलको प्रमुख आतिथ्यमा कार्यक्रमको उद्घाटन तथा पुरस्कार वितरण कार्यक्रम भएको थियो । नवसर्जक साहित्य चौतारी नेपालका महासचिव समर्पण न्यौपानेले सहजीकरण गर्नुभएको कार्यक्रममा वडा सदस्य गीता त्रिपाठी, जगन्नाथ पाण्डे र जनरल श्रेष्ठ, सर्जक सञ्जाल मकवानपुरका संयोजक निमेष निखिल, नवसर्जक साहित्य चौतारीका परिकल्पनाकार एवम् संरक्षक दीपक गौतम, सल्लाहकार रमेशमोहन अधिकारी, डीबी बर्तौला, अर्चना दाहालको आतिथ्य रहेको थियो ।

# एकैदिन ३ जनाको मृत्यु

समाज संवाददाता

हेटौंडाः बागमती प्रदेशको २ जिल्लामा एकैदिन ३ जनाको मृत्यु भएको छ। प्रदेशको चितवन र सिन्धुली जिल्लामा एकैदिन ३ जनाको मृत्यु भएको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ ।

चितवन जिल्लाको भरतपुर महानगरपालिका-३, बाह्रघरेमा एक जना पुरुषको मृत्यु भएको छ । मृत्यु हुनेमा निमार्णाधीन देउराली तालको (पानी नभएको) छेउमा बस्ने २९ वर्षीय बुद्धबहादुर विक रहेको प्रहरीले जानकारी दिएको छ ।

सोमबार साँझ ६ बजेर २० मिनेटको समयमा विक लडिरहेको अवस्थामा फेला परेका थिए । विकलाई उपचारका लागि भरतपुर सरकारी लगिएकोमा डाक्टरले मृत घोषणा गरेका हुन् ।

यस्तै, चितवन जिल्लाको भरतपुर महानगरपालिका-१२, सुनगाभा टोलमा लागूऔषधसहित अचेत अवस्थामा फेला परेका पुरुषको मृत्यु भएको छ। सोमबार भित्री सडकखण्डमा बा ४१ प ९०६९ नम्बरको मोटरसाइकल चालक नामथर नखुलेको अन्दाजी ४५ वर्षीय पुरुष अचेत अवस्थामा फेला परेको प्रहरीले जानकारी दिएको छ ।

उनलाई उपचारका लागि भरतपुर सरकारी अस्पताल लगिएकोमा उपचारको क्रममा डाक्टरले मृत घोषणा गरेका थिए। प्रहरीले पुरुषको साथबाट लागूऔषध प्रोमेथिन १ एम्पुल, बुप्नेरोफाइन १ एम्पुल, सिरिन्ज १ थान र ३ थान मोबाइल फेला पारेको प्रहरीले जानकारी दिएको छ । मुचुल्कालगायत अन्य अनुसन्धान कार्य भइरहेको प्रहरीले जानकारी दिएको छ ।

सिन्धुली जिल्लाको गोलन्जोर गाउँपालिका-७, खुर्कोट तल्लो बजारस्थित सुनकोशी नदी किनारामा एक जना पुरुष मृत फेला परेका छन् । सोमबार बिहान ९ बजेर २० मिनेटको समयमा नामथर नखुलेको अन्दाजी ४० वर्षीय पुरुष मृत अवस्थामा फेला परेको प्रहरीले जानकारी दिएको छ । मुचुल्कापश्चात् शव पोष्टमार्टमका लागि शिक्षण अस्पताल महाराजगञ्ज, काठमाडौं लगिएको छ ।

# क्याम्पस प्रमुखको हत्यामा संलग्न ७ जना पक्राउ

समाज संवाददाता

हेटौँडाः बारा जिल्लाको कलैयास्थित रामराजा बहुमुखी क्याम्पसका तत्कालीन क्याम्पस प्रमुख हरि भुषण प्रसाद कुशवाहको हत्यामा संलग्न ७ जनालाई प्रहरीले पक्राउ गरेको छ । ५० वर्षिय कुशवाहलाई गोली हानी हत्या गरेको आरोपमा जिल्ला प्रहरी कार्यालय बाराले ७ जनाई पक्राउ गरेको हो ।

जिल्ला प्रहरी कार्यालय बाराका प्रहरी नायव उपरीक्षक दधिराम न्यौपानेका अनुसार किटानी जाहेरी र घटनामा संलग्न भएको आधारमा प्रहरीले उनीहरुलाई पक्राउ गरेको हो । पक्राउ पर्नेहरुमा बारा आदर्शकोतवाल गाउँपालिका-२ खजुरिया टोलका ३२ बर्षीय अवधलाल प्रसाद कुशवाह, २९ बर्षीय चांदसी प्रसाद कुशवाह, २७ बर्षीय चुल्हाई भन्ने श्रवण कुमार साह, ३४ बर्षीय राधेश कुमार पटेल, ५४ बर्षीय विनोद राउत कुर्मी, कलैया-१० मटिअर्वा टोलका ५० बर्षीय आम्रपाली भन्ने ब्रहमदेव राम र करैयामाई-७ पिपरा टोलका ५० बर्षीय मोतिलाल चौधरी रहेका छन् ।

प्रहरीले उनीहरुको साथबाट बा ३२ प ७०५५ नम्बरको यामाहा एफजेड मोटरसाइकल १ थान, ना ५९ प ४७८९ नम्बरको टिभीएस मोटरसाइकल १ थान, ना ३३ प ५४६२ नम्बरको २२० सिसिको पल्सर मोटरसाइकल १ थान, गोली ६ राउण्ड, विभिन्न मोवाईल, ल्यापटप र नेपाली तथा भारतीय सिमकार्डहरु बरामद गरेको प्रहरी नायव उपरीक्षक न्यौपानेले जानकारी दिनुभएको छ ।

गत जेठ ३२ गते साँझ ५ बजेर १५ मिनेटको समयमा बारा जिल्लाको आदर्शकोतवाल-२ खजुरिया निवासी रामराजा बहुमुखी क्याम्पसका तत्कालीन क्याम्पस प्रमुख ५० बर्षीय हरि भुषण प्रसाद कुशवाहको गोली हानी हत्या गरिएको थियो। कुशवाह मोटरसाइकल चलाई खजुरियाबाट कलैयातर्फ आउने क्रममा आदर्शकोतवाल-३ बतरा टोलस्थित ग्रेवल सडक खण्डमा पुग्दा अपरिचित व्यक्तिहरुको समुहले गोली हानी घाईते बनाएका थिए। कुशवाहलाई घाईते अवस्थामा उपचारका लागि बयोधा अस्पताल विरगंज लगेकोमा उपचारको क्रममा मृत्यु भएको थियो। सो घटनाको अनुसन्धानको क्रममा ७ जना प्रतिवादीहरुलाई पक्राउ गरी कर्तव्य ज्यान तथा हातहतियार खरखजाना मुद्दा दर्ता गरिएको प्रहरी नायव उपरीक्षक न्यौपाने जानकारी दिनुभएको छ । बारा जिल्ला अदालतबाट ६ दिनको म्याद थप गरी अनुसन्धान कार्य भइरहेको बताइएको छ।

# चट्याङ लागेर २ जना घाइते

समाज संवाददाता

हेटौँडाः मंगलबार दिउँसो चट्याङ लागेर मकवानपुरको राक्सिराङ र मनहरी गाउँपालिकामा २ जना घाइते भएका छन् ।

मंगलबार दिउँसो ३ बजेको समयमा मनहरी गाउँपालिका-८ सिमपानीस्थित महेन्द्र किरण माविको कक्षा ८ मा अध्यनरत १५ बर्षीया कविता थिङ विद्यालयबाट घर फर्किने क्रममा एक्कासी चट्याङ लागि घाइते भएको प्रहरीले जनाएको छ। घाइते थिङलाई उपचारका लागि मनहरी अस्पतालमा राखिएको प्रहरीले जनाएको छ । यस्तै मंगलबार दिउँसो साढे ३ बजेको समयमा राक्सिराङ गाउँपालिका-४ मा हिँडिरहेका ३५ बर्षीय टिकाराम मोक्तानलाई चट्याङ लागेर घाइते भएका छन् । घाइते मोक्तानको प्राथमिक स्वास्थ्य केन्द्र राक्सिराङमा उपचार भइरहेको प्रहरीले जनाएको छ ।

# साना व्यवसाय प्रवर्द्धन तालिम सम्पन्न

समाज संवाददाता

हेटौँडाः बागमती प्रदेश युवा परिषद्को आर्थिक सहयोग र सामुदायिक विकास तथा सचेतना नेपालको आयोजनामा हेटौँडा उपमहानगरपालिका-५ मा सञ्चालित थोरै लगानीमा गर्न सकिने साना व्यवसाय प्रवर्द्धनका लागि ७ दिने उद्यमशिलता तथा सीप विकास तालिम सम्पन्न भएको छ ।

सात दिनसम्म सञ्चालन भएको तालिममा आठ जना प्रशिक्षकहरुले व्यवसायको अर्थ तथा परिभाषा, स्व-विश्लेषण/मुल्यांकन र पृष्ठपोषणको आवश्यकता र महत्व, सफल उद्यमीका विशेषताहरु, व्यावसायिक योजनाको अर्थ, आवश्यकता र महत्व, व्यावसायिक योजना, उत्पादन योजना, स्व-रोजगार र ज्यालादारी काममा भिन्नता, व्यवसायमा जोखिम तथा जोखिम व्यवस्थापनका, व्यवसाय दर्ता प्रक्रिया तथा सरकारी नीति, नियम लगायतका विषयमा सहजीकरण गरिनुका साथै चटपटे, पानीपुरी, मम, चाउमिन लागायत निर्माण तालिम तथा अभ्यासात्मक क्रियाकलाप गरिएको थियो।

सामुदायिक विकास तथा सचेतना नेपालका अध्यक्ष ध्रुव प्रसाद अधिकारीको अध्यक्षता तथा हेटौँडा-५ का वडा अध्यक्ष सुशील घिमिरेको प्रमुख आतिथ्यमा तालिम सम्पन्न गरिएको हो । कार्यक्रममा हेटौँडा-५ का वडा सदस्य ज्ञान बहादुर थापा, राम बहादुर राई, पिप्ले पोखरा सामुदायिक वन उपभोक्ता समितिकी सचिव शारदा कुमारी सुवेदी लगायतको आतिथ्य रहेको थियो । सात दिनसम्म संचालित कार्यक्रममा हेटौँडा उपमहानगर पालिका-२, ३, ४, ५, ६, ७, ८, १५, १७ र मकवानपुरगढी गाउँपालिकाका २० जना प्रशिक्षार्थीहरुको सहभागिता रहेको थियो ।

## कम्पनीको नाम परिवर्तन हुने सम्बन्धी सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७७/१०/११ मा प्रा. लि नं. २५३६३१ मा दर्ता रियान्स निर्माण सेवा एण्ड सप्लायर्स पा. लि अङ्गेजीमा Riyansh Nirman Sewa And Suppliers Pvt.Ltd. को मिति २०८१/०३/११ मा कम्पनीको एकल संस्थापकको विशेष साधारणसभा लगायत सञ्चालक समितिबाट स्वकृति प्राप्त भई साविकको नाम रियान्स निर्माण सेवा एण्ड सप्लायर्स पा. लि अङ्गेजीमा Riyansh Nirman Sewa And Suppliers Pvt.Ltd. परिवर्तन भई आर एस लाइफ स्टाइल्स प्रा.लि. अङ्गेजीमा RS Lifestyles Pvt. Ltd. हुने भएकोले यस नाममा रहेको सम्पूर्ण चल-अचल सम्पत्ती तथा तिर्नु व्यहोर्नु पर्ने ऋृण-धन कर दायित्व आदि परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनीको नाम परिवर्तन गरिएको व्यहोरा यसै सूचनाबाट जानकारी गराइन्छ ।

## हार्दिक श्रद्धाञ्जली



जन्मः १९९७ चैत ९ गते

स्व. रत्न कुमारी पुलामी

स्वर्गारोहणः २०८१ असार ३ गते

बागमती प्रदेश सभा सदस्य प्रेम बहादुर पुलामी (छिन्तु) को ममतामयी आमा **रत्न कुमारी पुलामी**को असामयिक दुःखद् स्वर्गारोहण भएको **आज १३औं दिनको पूण्य तिथि**मा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै शोकाकुल परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौं ।

सरोज कुमार खनाल
प्रबन्ध सञ्चालक

हिरालाल श्रेष्ठ
अध्यक्ष

एवम् पुरानो नारायणी यातायात कम्पनि प्रालि परिवार
हेटौँडा, मकवानपुर

समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौँडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ